# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १६ मितिः २०८३।१।९

**भाग — २**

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

# गाउँघर क्लिनिक/बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

# गाउँघर क्लिनिक/बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

## कागेश्वरी मनोहरा नगरपालिका

## डाँछी, काठमाडौं

## परिचय :

नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई जनताको मौलिक हकको रुपमा सुनिश्चित गरेको छ र संविधानतह नागरिकको स्वास्थ्य सम्बन्धि हकलाई स्थापित गर्न स्थानीय सरकार, स्वास्थ्य शाखा लगायत स्वास्थ्यका सबै निकाय एकजुट भएर लाग्न जरुरी छ । यस कुरालाई ध्यानमा राखी कागेश्वरी मनोहरा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट संचालन गरिने गाँउघर क्लिनिक तथा बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापन कार्यक्रम स्वास्थ्य संस्थाबाट दुर्गम, पहुँचबाट टाढाको बस्ती तथा स्वास्थ्य सेवा आवश्यक ठाउँमा स्थापना गरि सेवा प्रदान गरिनेछ । यसरी संचालन गरिने आवश्यक सबै प्रकारका स्वास्थ्य सेवा, खोप सेवा, परिवार नियोजना सेवा स्वास्थ्य शिक्षा लगायतका सम्पुर्ण सेवाहरु समावेश हुनेछन् | स्वास्थ्य संस्थाबाट टाढाको स्वास्थ्य सेवाको पहुँच नपुगेका बस्ती र समुदायलाई लक्षित गरि स्वास्थ्य सेवालाई गुणस्तरीय तथा वैज्ञानिक बनाउन आवश्यक छ । नगरपालिका अन्तर्गतका नागरिकको पहुँच पुग्ने ठाउँमै गई स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यका कर्मचारीलाई प्रोत्साहन भत्ता लगायत संचालन तथा व्यवस्थापना गर्न आवश्यक सामान तथा उपकरण जरुरी हुन्छ | बालबालिका, गर्भवती महिला, जेष्ठ नागरिक, गरिब असहाय, अपाङ्ग लगायतका लक्षित व्यक्ति तथा समुदायलाई स्वास्थ्य सेवा प्राथमिकता दिई नवजात शिशु मृत्युदर, बाल मृत्युदर, तथा मातृ मृत्युदर लगायका स्वास्थ्यका महत्वपूर्ण सूचकलाई सुधार गर्न यो कार्यक्रम फलदायी हुनेछ | साथै दिगो विकास लक्ष्य २०३० लाई हासिल गर्न यो कार्यक्रमले सहयोग गर्नेछ | विश्वव्यापी तथा नेपालमा फैलिँदै गएको नसर्ने रोग तथा मानसिक रोगलाई समयमा नै पत्ता लगाउन तथा उपचारको दायरामा ल्याउने यो कार्यक्रमको प्रमुख लक्ष्य रहेको छ ।

## प्रस्तावना :

कागेश्वरी मनोहरा नगरपालिका भित्र बसोवास गर्ने सम्पूर्ण नागरिकले आधारभूत स्वास्थ्य सेवाको विश्वव्यापी पहुँचको मान्यता अनुसार स्वास्थ्य सेवाको उपभोग गर्ने अधिकारलाई सुनिश्चित गर्न, सङ्घीय अवधारणा अनुसार संचालन भैइरहेको गाउँघर क्लिनिक/बाह्य खोप केन्द्रलाई थप व्यवस्थित तथा सेवामूलक बनाउन, विश्वव्यापी फैलिँदै गईरहेको नसर्ने रोग तथा मानसिक रोग लगायतका स्वास्थ्य समस्यालाई समयमा नै पत्ता लगाउन, बालबालिका, गर्भवती महिला, जेष्ठ नागरिक, गरिब असहाय, अपाङ्ग लगायतका लक्षित व्यक्ति तथा समुदायलाई समुदायमै गएर स्वास्थ्य सेवा प्रदान गर्ने, गम्भिर स्वास्थ्य भएकालाई समयमा नै माथिल्लो निकायमा रेफर गर्ने व्यवस्था मिलाउने साथै दिगो विकास लक्ष्य २०३० सम्ममा स्वास्थ्यमा हासिल गर्नु पर्ने लक्ष्य पुरा गर्न गाउँघर क्लिनिक/ बाह्य खोप

केन्द्रलाई स्थानीय सरकारद्वारा व्यवस्थित र सेवामूलक बनाउन वान्छनीय भएकोले यो कार्यविधि बनाई जारि गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “गाउँघर क्लिनिक/बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि कागेश्वरी मनोहरा नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **“ कार्यक्रम ”** भन्नाले गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०८० सम्झनुपर्छ ।

(ख) **“ स्वास्थ्य सेवा ”** भन्नाले गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र बाट प्रदान गरिने सबै प्रकारका स्वास्थ्य सेवा सम्झनुपर्छ ।

(ग) **“ स्वास्थ्यकर्मी ”** भन्नाले कागेश्वरी मनोहरा नगरपालिका अन्तर्गत कार्यरत स्वास्थ्यका कर्मचारी सम्झनुपर्छ ।

(घ) “ **नगरपालिका** ” भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनुपर्छ ।

(ङ) “ **समिति** ” भन्नाले नयाँ गठित गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापन निर्देशक समिति सम्झनुपर्छ ।

(च) “ **अनुगमन समिति** ” भन्नाले नयाँ गठित गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापनको अनुगमन समिति सम्झनुपर्छ ।

(छ) **" सामान तथा उपकरण "** भन्नाले गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्रमा सेवा प्रदान गर्दा प्रयोग गर्ने सामान तथा उपकरण सम्झनु पर्छ ।

(ज) **" स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति "** भन्नाले स्वास्थ्य संस्थामा गठित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

## परिच्छेद -२

<u>गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्रको व्यवस्थापन</u>

३. <u>गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्रको संख्या यकिन गर्ने :</u> (१) कागेश्वरी मनोहरा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्था अन्तर्गतको भौगोलिक स्थिति र जनसंख्याको आधारमा केन्द्रको निर्धारण गर्नु पर्नेछ ।

(२) गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्रमा खटिने नर्सिङ्ग तथा पारामेडिक्स कर्मचारीको व्यवस्थापन सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले गर्नुपर्नेछ ।

(३) स्वास्थ्य संस्थाले आ.व. सुरु भएको पहिलो महिना भित्रमा गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्रमा खटिने नर्सिङ्ग तथा पारामेडिक्स कर्मचारीको विवरण, केन्द्रको संख्या, साथै वार्षिक कार्ययोजना सहित सम्बन्धित स्वास्थ्य संस्थाको वडा अध्यक्ष र स्वास्थ्य संस्था प्रमुखले प्रमाणित गरि स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ ।

(४) गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालनको लागि भवन निमार्णको लागि बजेट व्यवस्थापन तथा भवन निर्माण नहुन्जेल सम्मको लागि सम्बन्धित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालनको लागि ठाउँको व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद -३

## बजेट तथा खरिद व्यवस्थापन

४. बजेट व्यवस्थापन गर्ने : (१) गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापनको लागि नगरपालिकाले वार्षिक रुपमा कार्ययोजना अनुसारको आवश्यक बजेटको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) वार्षिक रुपमा निर्धारण गरिएको बजेटमा रहेर स्वास्थ्य संथाको माग तथा सेवा संचालनको आधारमा स्वास्थ्य शाखाले गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालनको लागि आवश्यक सामान, उपकरण लगायत अन्य व्यवस्थापन गर्नु पर्नेछ ।

(३) गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन गरेको स्वास्थ्य संस्थाले पठाएको केन्द्रमा खटिने १ जना नर्सिङ्ग तथा १ जना पारामेडिक्स कर्मचारीको विवरणको आधारमा प्रति महिना प्रति कर्मचारी रु. १५००।- (अक्षेरुपी रु एक हजार पाँच सय मात्र) का दरले भत्ता रकम नगरपालिकाले स्वास्थ्य शाखा मार्फत उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिको वैठक, गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन सम्बन्धि अभिमुखिकरण कार्यक्रम लगायत गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालनको लागि अन्य गतिबिधि गर्नुपरेमा खर्च रकम सम्बन्धित कार्यक्रममा विनियोजित बजेटबाट गर्नुपर्नेछ ।

## परिच्छेद -४

## स्वास्थ्य सेवा तथा रिपोटिङ्ग विवरण

५. स्वास्थ्य सेवा तथा रिपोटिङ्ग : (१) गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन गरेको स्वास्थ्य संस्थाले केन्द्र मार्फत सबै प्रकारको स्वास्थ्य सेवा सबै उमेर समुहलाई प्रदान गर्नुपर्नेछ ।

(२) गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन गरेको स्वास्थ्य संस्थाले नियमित रुपमा मासिक छुट्टै प्रतिवेदन स्वास्थ्य शाखालाई उपलब्ध गर्नुपर्नेछ ।

(३) गाउँघर क्लिनिक/बाह्य खोप केन्द्रमा खटिएका कर्मचारीले आवश्यकताका आधारमा केन्द्रमा सेवा लिन नसक्ने जेष्ठ नागरिक, अपाङ्ग, असहाय लगायत लक्षित व्यक्ति तथा समुदायलाई घरमै गई आवश्यक स्वास्थ्य सेवा दिनुपर्नेछ ।

(४) स्वास्थ्य शाखाले वार्षिक रुपमा गाउँघर क्लिनिक/बाह्य खोप केन्द्र संचालनको प्रगति, संचालनमा आएका समस्या तथा समाधानका उपायहरु सहितको वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेछ |

## परिच्छेद -५

गाउँघर क्लिनिक/बाह्य खोप केन्द्र व्यवस्थापन, समन्वय र अनुगमन सम्बन्धि व्यवस्था

६. नगरपालिका स्तरीय निर्देशक समिति : (१) गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धमा नीति, योजना, अनुगमन तथा मापदण्ड निर्माण गर्न नगरपालिका स्तरीय देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

(क) कागेश्वरी मनोहरा नगरपालिका नगर प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) लेखा प्रशासन प्रमुख - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिब

६. वडा स्तरीय अनुगमन समिति : (२) गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्रको सम्पूर्ण कार्यक्रमको अनुगमन गर्न ,कार्यक्रममा देखिएका समस्याको समाधान तथा कार्ययोजना तयार गर्न वडा स्तरीय देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ :-

(क) सम्बन्धित स्वास्थ्य संस्थाको वडा अध्यक्ष - संयोजक

(ख) स्वास्थ्य शाखाको कार्यक्रम फोकल पर्सन - सदस्य

(ग) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिब

## परिच्छेद -६

विविध

७.गुनासो सम्बन्धि व्यवस्था : खरिद भएको सामाग्री तथा उपकरण पर्याप्त भए नभएको, सुरक्षित तवरबाट भण्डारण भए नभएको, औषधि लगायत अन्य सामान राम्रो संग वितरण भए नभएको, कर्मचारी तथा स्वास्थ्य सेवा सम्बन्धमा गुनासो सङ्कलन गर्न गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्रको आफ्नो हाताभित्र एउटा गुनासो पेटिकाको व्यवस्था गरि प्राप्त गुनासोको सम्बोधन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. दिर्घकालीन स्रोत व्यवस्थापन : (१) कागेश्वरी मनोहरा नगरपालिकाले वार्षिक रुपमा गाउँघर क्लिनिक/बाह्य खोप केन्द्र संचालन गर्न आफ्नै स्रोतमा स्वास्थ्य शाखाले बनाएको वार्षिक कार्ययोजनाका आधारमा अनिवार्य रुपमा पर्याप्त बजेटको व्यवस्थापन गर्नुपर्नेछ ।

(२) समितिको वैठक, गाउँघर क्लिनिक/ बाह्य खोप केन्द्र संचालन सम्बन्धि अभिमुखीकरण कार्यक्रम लगायत अन्य गतिविधि संचालन गर्न ।

९. प्रतिवेदन पठाउनु पर्ने : यस कार्यक्रमको कार्यन्वयनको प्रगति विवरण स्वास्थ्य शाखाले तोकेको ढाँचामा स्वास्थ्य संस्थाले मासिक रुपमा स्वास्थ्य शाखालाई पठाउनु पर्नेछ ।

१०. परिच्छेद हेरफेर तथा थपघट गर्ने : कागेश्वरी मनोहरा नगरपालिकाले यस कार्यविधिको परिच्छेद आवश्यक अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

..............................

आज्ञाले
पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।९।२९
प्रमाणिकरण मितिः २०८०।९।२९